संसदीय सुनुवाइ समितिका माननीय सभापतिज्यू,

समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरू ।

सर्वप्रथम, नेपालको संविधानबमोजिम प्रधान न्यायाधीशको पदमा मलाई नियुक्तिको लागि सिफारिस गरेकामा म संवैधानिक परिषद्प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, समितिमा उपस्थित भई आफ्नो अवधारणा र कार्ययोजना प्रस्तुत गर्ने अवसरका लागि समितिका माननीय सभापतिज्यूलगायत सम्पूर्ण माननीय सदस्यज्यूहरूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति हुने प्रधान न्यायाधीश एवम् संवैधानिक अङ्गलगायतका पदाधिकारीहरूको नियुक्तिअघि संसदीय सुनुवाइ गर्नुपर्ने नेपालको संविधानको व्यवस्थाबमोजिम आज यस गरिमामय समितिसमक्ष उपस्थित भएको छु । यसलाई मैले भावी प्रधान न्यायाधीशको रूपमा न्यायपालिकाको सुधार सम्बन्धमा आफ्नो सोच, दृष्टिकोण र अवधारणासहितको कार्ययोजना प्रस्तुत गर्ने र समितिका माननीय सदस्यहरूज्यूबाट सुझाव र पृष्ठपोषण प्राप्त गर्ने महत्तवपूर्ण अवसरको रूपमा लिएको छु । यही मान्यता र विश्वासका साथ न्यायपालिकाको सुधारसम्बन्धी प्रस्तुत कार्ययोजना तयार गरेको र यसको इमानदारीपूर्वक कार्यान्वयन गर्न प्रतिबद्ध रहेकोसमेत यस गरिमामय समितिसमक्ष स्पष्ट गर्न चाहन्छु ।

## १. विषय प्रवेश

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवम् कानूनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई संविधानको आधारभूत संरचनाका रूपमा स्थापित गरेको छ । संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने व्यवस्था गरेको छ । संविधान र कानूनको सर्वोच्चता एवम् सर्वोपरितालाई आत्मसात् गर्दै नागरिकका हक अधिकारको प्रचलन गराउने र कानूनको शासनमार्फत लोकतन्त्रका लाभहरूको अनुभूति सबैले गर्न पाउने अवस्थाको सुनिश्चितताका लागि न्यायपालिका थप जिम्मेवार र संवेदनशील हुनु आवश्यक छ ।

न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी मूल्य मान्यतालाई अक्षुण्ण राख्दै छिटोछरितो, स्वच्छ, निष्पक्ष, सुलभ, गुणस्तरीय एवम् प्रभावकारी न्याय सम्पादनको माध्यमबाट सबैलाई न्याय सुनिश्चित गर्ने तथा सुशासन

र गुणस्तरीय सेवा प्रवाहको प्रत्याभूतिमार्फत न्याय प्रणालीप्रतिको विश्वासको वातावरणको निर्माण गर्ने आफू दृढ सङ्कल्पित रहेको पनि सम्मानित समितिसमक्ष उल्लेख गर्न चाहन्छु। नेपालको संविधानले प्रत्याभूत गरेका हक अधिकारको सुनिश्चितता गर्दै आम नागरिकको लामो समयदेखिको विकास र सुशासनको अनुभूति दिलाउने गरी न्यायिक सुधारका कार्यहरूलाई अगाडि बढाउने पनि स्पष्ट गर्न चाहन्छु।

न्यायपालिकालगायत राज्यका सबै निकायहरूले आफ्नो संवैधानिक र कानुनी जिम्मेवारी सक्षमतापूर्वक निर्वहन गर्दै आमनागरिकको आस्था र विश्वास कायम राख्नु जरुरी छ। न्यायपालिका संविधानको आत्मा र नागरिकको आस्थाबाट जीवन्त रहने संस्था हो भन्ने मेरो बुझाइ रहेको छ। न्यायपालिकाको काम कारवाहीका सम्बन्धमा व्यक्त चासो, सरोकार र टिप्पणीहरूको उचित सम्बोधन गर्दै न्यायिक सुशासनको प्रत्याभूतिका लागि परिणाममुखी र भरोसायोग्य कदम चाल्नुपर्ने अपरिहार्यता रहेको छ। यही पृष्ठभूमि, परिदृश्य र अवधारणामा आधारित भई न्यायपालिकाको वस्तुस्थिति विश्लेषणका जगमा प्रस्तुत कार्ययोजनाको निर्माण भएको छ।

## २. वस्तुस्थिति विश्लेषण

वस्तुस्थितिको विश्लेषणबाट नै संगठनको विद्यमान अवस्था, कार्यवातावरण तथा समस्या, चुनौती र प्रमुख सवालहरूको पहिचान हुन सक्दछ। तसर्थ, प्रस्तुत कार्ययोजना तयार गर्दा न्यायपालिकाको वस्तुस्थिति विश्लेषण गर्न वाञ्छनीय देखेको छु। न्यायपालिकाको वस्तुस्थिति विश्लेषण गर्दा यसको संगठनात्मक, कार्यात्मक, वातावरणीय लगायत समग्र पक्षको मूल्याङ्कन गर्नुपर्ने भए तापनि प्रस्तुत कार्ययोजना निर्माणको सन्दर्भमा त्यसप्रकारको मूल्याङ्कनको आवश्यकता र सम्भाव्यता समेत नरहेकोले न्यायपालिकाको मूल जिम्मेवारी र यसले निर्वहन गर्नुपर्ने भूमिकाको रोहबाट देहायबमोजिम वस्तुस्थिति विश्लेषण गरिएको छ :

### २.१ योजनाबद्ध सुधार र साधन स्रोतको व्यवस्थापन

न्यायपालिकाले संविधान प्रदत्त भुमिका र जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्ने र आम नागरिकका न्यायालयप्रतिका अपेक्षाहरू पूरा गर्दै यसप्रतिको आस्था एवम् विश्वास अभिवृद्धि गर्ने उद्देश्यका साथ २०६१ सालदेखि योजनाबद्ध सुधारको अवधारणालाई आत्मसात् ग-यो। योजनाबद्ध सुधारको प्रक्रियालाई निरन्तरता दिँदै अहिले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनम

रहेको छ । आगामी असार मसान्तदेखि उक्त योजनाको अवधि समाप्त हुने भएकाले यही वर्षभित्र
चौथो योजनाको तर्जुमा गर्नुपर्ने अवस्था छ । यस हिसाबले न्यायपालिकामा योजनाबद्ध सुधारको करिब
दुई दशकको अवधि व्यतीत हुन लागेको छ । न्यायपालिकामा रणनीतिक योजनाहरूको कार्यान्वयनबाट
महत्वपूर्ण उपलब्धिहरू हासिलसमेत भएका छन् । मुद्दा फछ्र्यौटको औसत दर बढ्दै गएको छ । पुराना
मुद्दाहरूको बक्यौता न्यूनीकरणतर्फ समेत क्रमशः सुधार हुँदै आएको अवस्था छ । फैसला कार्यान्वयनमा
केही सुधार भएको छ । तथापि, योजना कार्यान्वयनको यो चरणमा आइपुग्दा पनि योजनाले लिएका
वाञ्छित लक्ष्यहरू वा योजनाका अपेक्षाहरू पूरा हुन सकेका छैनन् । योजनाको कार्यान्वयनमा
न्यायपालिकाले विभिन्न समस्या र चुनौतीहरू सामना गर्दै आएको छ । योजनाले प्रक्षेपण गरेको तुलनामा
अत्यन्त न्यून बजेटको उपब्धता एवम् जनशक्तिलगायत अन्य साधन स्रोतको कमी मुख्य समस्या र
चुनौतीको रूपमा देखिएका छन् । न्यायपालिकाका सबैजसो योजनाले प्रच्छेपण गरेको बजेटको तुलनामा
करिब १८ प्रतिशत बजेट मात्रै उपलब्ध हुन सक्यो । बजेट र साधन स्रोतको यसप्रकारको समस्या र
चुनौतीको निरन्तरता रहेमा आगामी योजनाहरूको कार्यान्वयन समेत प्रभावित हुने अवस्था देखिन्छ ।

अदालतहरूको कार्यबोझ, जनशक्ति र बजेट

२.२ न्याय सम्पादन, न्यायपालिकाले गर्ने सम्पूर्ण सुधार र
न्यायपालिकाको मुख्य जिम्मेवारी न्याय सम्पादन नै हो । न्यायपालिकाले आत्मसात् गरेका
व्यवस्थापनको नतीजा न्याय सम्पादनमा प्रतिविम्बित हुनुपर्दछ । न्यायपालिकाले आत्मसात् गरेका
रणनीतिक योजनाहरूको मुख्य प्राथमिकता पनि न्याय सम्पादनको प्रभावकारीता नै रहँदै आएको हो ।
योजनामा मुद्दा फछ्र्यौटलाई छिटोछरितो तथा प्रभावकारिता बनाउने र पुराना बक्यौता मुद्दाहरूको
न्यूनीकरणमा विशेष जोड दिइएको छ । तथापि, अदालतहरूमा नयाँ मुद्दा दर्ताको अनुपातमा हुँदै गएको
निरन्तरको वृद्धि र मुद्दाको बढ्दो कार्यबोझ अदालतको समग्र व्यवस्थापनको प्रमुख चुनौतीको रुपमा
देखापर्दै गएको अवस्था छ । कार्यबोझ आफैंमा निरपेक्ष समस्या होइन, यसलाई अदालतको साधन स्रोत,
जनशक्ति र क्षमताको सापेक्षतामा हेरिनुपर्दछ । कार्यबोझको तुलनामा संगठनात्मक क्षमता अभिवृद्धि गर्न
नसकिएमा सेवा प्रवाहमा प्रतिकूल असर पर्न जान्छ । अदालतहरूको कार्यबोझ, कार्य सम्पादन, जनशक्ति
र बजेटको तुलनात्मक अवस्थालाई देहायका तालिकाहरूमा प्रस्तुत गरिएको छ :

सबै अदालतहरूको कार्यबोझ र कार्यसम्पादनको तुलनात्मक अवस्था

| विवरण | २०६१ असार मसान्त | २०६६ असार मसान्त | २०७१ असार मसान्त | २०७६ असार मसान्त | २०८० असार मसान्त |
|---|---|---|---|---|---|
| लगत | १,१०,१०२ | १,१३,२९७ | १,६८,६७६ | २,३६,७७६ | ३,३७,६०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| फछ्र्यौट | ५४,६४४ | ५५,१६९ | ९५,२२३ | १,३३,८१३ | १,८१,३३८ |
| बाँकी | ५५,४५८ | ५८,१२८ | ७३,४५३ | १,०२,९६३ | १,५६,२६४ |

सर्वोच्च अदालतको कार्यबोझ र कार्यसम्पादनको तुलनात्मक अवस्था

| विवरण | २०६१ असार मसान्त | २०६६ असार मसान्त | २०७१ असार मसान्त | २०७६ असार मसान्त | २०८० असार मसान्त |
|---|---|---|---|---|---|
| लगत | २४,५७० | १७,९६१ | २३,८८३ | ३२,६११ | ४०,३०३ |
| फछ्र्यौट | ६,७९६ | ६,९८५ | ५,२३५ | ९,१९३ | १२,१६२ |
| बाँकी | १७,७७४ | १०,९७६ | १८,६४८ | २३,४१८ | २८,१४१ |

न्यायपालिकाको जनशक्तिको तुलनात्मक अवस्था

| दरबन्दी | २०६१ असार मसान्त | २०६६ असार मसान्त | २०७१ असार मसान्त | २०७६ असार मसान्त | २०७९ असार मसान्त |
|---|---|---|---|---|---|
| न्यायाधीश | २५४ | २६१ | ३५१ | ४३३ | ४६८ |
| कर्मचारी | ४,१८१ | ३,९४४ | ४,६२६ | ५,५०५ | ६,१११ |

न्यायपालिकालाई विनियोजित बजेटको तुलनात्मक अवस्था

| विनियोजित कूल बजेट | आ.व. २०६०/०६१ | आ.व. २०७०/०७१ | आ.व. २०८०/०८१ |
|---|---|---|---|
| | ५९करोड ०३ लाख | २ अर्ब ९७ करोड ८७ लाख | ७ अर्ब ५१ करोड ९४ लाख |
| कूल राष्ट्रिय बजेटको प्रतिशत | ०.५७ | ०.५७ | ०.४३ |

उल्लिखित तथ्याङ्कबाट अदालतहरूमा मुद्दाको कार्यबोझ क्रमशः बढ्दै गएको अवस्था देखिन्छ । २०६१ साल असारको तुलनामा २०८० असारमा आइपुग्दा सर्वोच्च अदालतलगायत सबै तहका अदालतहरूको मुद्दाको लगत तेब्बरभन्दा बढी वृद्धि भएको देखिएको छ । अदालतहरूको मुद्दा फछ्र्यौटको दरसमेत क्रमशः वृद्धि भए तापनि नयाँ मुद्दा दर्ताको अनुपात बढेको कारण बक्यौता मुद्दाहरूको सङ्ख्यासमेत क्रमशः

बढ्दै गएको देखिन्छ। न्यायपालिकाको जनशक्ति क्रमशः बढ्दै गएको देखिए तापनि अदालतहरूको कार्यबोझमा भएको वृद्धिको अनुपातमा जनशक्तिको बढोत्तरी हुन सकेको देखिदैन।

न्यायपालिकालाई विनियोजित बजेटको अवस्थालाई हेर्दा आवधिक रूपमा बजेटको आकारमा केही वृद्धि भएको देखिए तापनि अदालतहरूको कार्यबोझ र जनशक्तिमा भएको वृद्धिको अनुपातमा अत्यन्त न्यून रहेको छ। कूल राष्ट्रिय बजेटको अनुपातमा न्यायपालिकालाई विनियोजित बजेटको वृद्धि ऋणात्मक देखिएको छ।

## २.३ मुद्दा व्यवस्थापनमा सुधार र फरक मुद्दा व्यवस्थापन पद्धति (DCM)

अदालत व्यवस्थापनको प्रमुख आयाम मुद्दा व्यवस्थापन हो। न्याय सम्पादनलाई छिटोछरितो, अनुमानयोग्य र प्रभावकारी बनाउन उपयुक्त मुद्दा व्यवस्थापन पद्धतिको अवलम्बन वाञ्छनीय हुन्छ। मुद्दा व्यवस्थापन पद्धतिका सम्बन्धमा विभिन्न चरणमा अध्ययन भई प्रतिवेदनहरू पेश भएका छन्। पछिल्लो पटक २०७५ सालमा मेरो संयोजकत्वमा गठित मुद्दा व्यवस्थापन पद्धति विकाससम्बन्धी अध्ययन समितिले दिएको प्रतिवेदनका आधारमा चौथो पञ्चवर्षीय रणनीतिक योजनाको महत्वपूर्ण पक्षको रुपमा फरक मुद्दा व्यवस्थापन पद्धति (DCM) योजनामा समावेश भएको छ। मुद्दा व्यवस्थापनको वैज्ञानिक पद्धतिको रुपमा मानिएको यस पद्धतिलाई हाम्रो अवस्था र आवश्यकताको सापेक्षतामा निर्माण गरिएको छ। यो मुद्दाको प्रकृति विषयवस्तु र विवादित प्रश्नसमेतको आधारमा अदालतमा दर्ता हुन आउने मुद्दाहरू फरक फरक हुने भएकोले मुद्दाको आवश्यकता र गम्भीरताका आधारमा सोही अनुरूपको व्यवस्थापन गर्नुपर्ने मान्यतामा आधारित पद्धति हो। योजनाले निर्धारण गरेबमोजिम उक्त पद्धति जिल्ला अदालत तथा उच्च अदालतमा क्रमशः २०७७ साल साउन र भदौदेखि लागू समेत भैसकेको अवस्था छ। यस पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने अन्य पूर्वाधार, जनशक्तिको तालिम/प्रशिक्षण एवम् सम्बद्ध सरोकारवालाहरूवीचको समन्वयलगायतका पक्षहरूको उचित व्यवस्थापन अझै पनि हुन सकेको छैन।

## २.४. फैसला कार्यान्वयन

न्याय सम्पादनको वास्तविक अनुभूती फैसला कार्यान्वयनबाट मात्र हुन सक्दछ। नेपालको संविधानले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ र विधिको शासन पराजीत हुन पुग्दछ। फैसला कार्यान्वयन न्यायपालिकाप्रतिको आस्था एवम् विश्वास अभिवृद्धिको एउटा महत्वपूर्ण पक्ष हो भन्ने विश्वास रहेको छ। देवानी मुद्दाको फैसला कार्यान्वयनको तुलनामा फौजदारी मुद्दामा लागेको कैद र जरिवाना

असुलीको अवस्था कमजोर रहेको तथ्याङ्कहरूले देखाएका छन्। तसर्थ, फैसला कार्यान्वयनको विषयलाई पनि न्यायपालिकाको सुधारसम्बन्धी एउटा महत्वपूर्ण पक्षको रुपमा आत्मसात् गर्दै उपयुक्त रणनीतिक हस्तक्षेपमार्फत यस कार्यमा प्रभावकारिता ल्याउनु आवश्यक छ। यसका साथै, अदालतका फैसलाले जफत हुने भनी तोकेका सम्पत्तिको जफत गर्ने सम्बन्धमा लागू भएको कसूरजन्य सम्पत्ति तथा साधन( रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० लागू भएको १० वर्षको अवधि व्यतीत भइसक्दा पनि उक्त ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन।

## २.५. सूचना प्रविधिको संस्थागत विकास

सूचना प्रविधिको माध्यमबाट न्यायिक काम कारबाहीलाई व्यवस्थित, पारदर्शी एवम् अनुमानयोग्य बनाई समग्र न्यायसम्पादनको प्रभावकारिता र सेवाग्राहीहरूको न्यायमा सहज पहुँच अभिवृद्धि गर्ने सोचका साथ न्यायपालिकाले करिब दुई दशकदेखि सूचना प्रविधिको प्रयोग गर्दै आएको छ। कम कागजको प्रयोग हुँदै कागज विहीन विद्युतीय अदालतको अवधारणासहित निर्माण भएको न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरुयोजना, २०७२ कार्यान्वयनमा रहेको छ। सर्वोच्च अदालत लगायत सबै तहका अदालतहरूमा सूचना प्रविधिसम्बन्धी विभिन्न प्रणाली तथा सफ्टवेयरहरू निर्माण भई प्रयोगमा रहेका छन्।

मुद्दा व्यवस्थापनका लागि एकीकृत मुद्दा व्यवस्थापन प्रणाली (Integrated Case Management System) को निर्माण गरी प्रयोगमा ल्याइएको छ। यसबाट मुद्दा व्यवस्थापनका प्रत्येक चरणहरूलाई सरल, व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुगेको छ। न्यायपालिकामा सूचना प्रविधिको प्रयोग सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूबीच तुलनात्मक रूपमा सन्तोषजनक अवस्थामा रहेको छ। सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत न्यायिक काम कारवाही र सेवाप्रवाहलाई छिटोछरितो, मितव्ययी र पारदर्शी बनाई समग्र न्याय सम्पादनको कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन यसको प्रयोगलाई अझ़ बढी फराकिलो बनाँउदै लैजानु पर्ने आवश्यकता छ। त्यसका लागि आवश्यक पर्ने पूर्वाधार, बजेट र जनशक्तिको व्यवस्थापन चूनौतीको रूपमा रहेको छ। सूचना प्रविधि नवीकरणीय र छिटाछिटो परिमार्जन हुँदै जाने क्षेत्र भएकाले यसको दिगो व्यवस्थापन थप चूनौतीपूर्ण बन्दछ।

## २.६. न्यायिक सुशासन र सदाचार

स्वतन्त्र न्यायपालिका, विधिको शासन, लोकतन्त्र र सुशासन एक अर्कोका परिपूरक र अन्तरसम्बन्धित अवधारणा हुन् भन्ने मलाई लाग्दछ। न्यायपालिकाप्रति आम नागरिकको आस्था र विश्वास अभिवृद्धि

गर्नको लागि न्यायिक सुशासनलाई संस्थागत रूपमा प्रवर्द्धन गर्दै लैजानु आवश्यक छ। न्यायिक सुशासनले इमानदारी, उच्च नैतिक चरित्र, स्वच्छता, सदाचार तथा चुस्त दुरुस्त न्यायिक प्रशासन, आर्थिक अनुशासन एवम् सेवाग्राहीमैत्री व्यवहार जस्ता मूल्य मान्यताहरूको अपेक्षा गर्दछ । न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, उत्तरदायी र सहभागितामूलक बनाउँदै न्यायपालिकाबाट प्रदान हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्न सकिए मात्र न्यायिक सुशासनको अनुभूति हुन सक्छ। न्यायिक सुशासनको प्रत्याभूतिका लागि अबका दिनमा परिणाममुखी र भरोसायोग्य कदम चाल्नुपर्ने आवश्यकता छ।

## २.७. न्यायमा सहज पहुँच अभिवृद्धि

पहुँचयोग्य न्याय प्रणाली लोककल्याणकारी राज्यको आधारभुत शर्त हो । नेपालको संविधानले न्यायमा सहज पहुँचको संवैधानिक प्रत्याभुति गरेको छ। न्यायमा सहज पहुँच अदालतको एक्लो प्रयासबाट मात्र सम्भव हुन सक्दैन । न्यायमा पहुँचका बहुआयामिक र अन्तरसम्बन्धित सवालहरू रहेका छन् । यसको सुनिश्चितताको लागि नेपाल सरकारलगायत सम्बद्ध निकायहरूको भुमिका र जिम्मेवारी त्यत्तिकै महत्वपूर्ण हुन्छ । तथापि, यसको केन्द्रविन्दुमा न्यायपालिका रहने भएकाले सोही जिम्मेवारीबोधका साथ न्यायपालिकाले विगत केही वर्षदेखि सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको गठन गरी विभिन्न प्रयासहरू गर्दै आएको छ. नेपाल सरकारका सम्बद्ध निकाय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएसन तथा स्थानीय निकायहरूसँगको समन्वय र सहकार्यमा न्यायमा पहुँच अभिवृद्धिको कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

## २.८. न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि

जनआस्था अभिवृद्धिको विषय न्यायपालिकाको सन्दर्भमा पनि त्यत्तिकै अहम् र संवेदनशील रहेको छ। न्यायपालिकाको सन्दर्भमा जनआस्थाको कुरा गर्दा यसप्रतिको आम नागरिकको सोच र अपेक्षा तथा न्यायपालिकाका काम कारबाही र व्यवहारको समग्रताभित्रै यसको सम्बोधन खोजिनुपर्दछ । न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धिमा रहेका समस्या, चुनौती र अन्तरसम्बन्धित सवालहरूको सही पहिचान गर्न सकियो भने मात्रै त्यसलाई ठीक ढङ्गबाट सम्बोधन गर्न सकिन्छ भन्ने मेरो विश्वास रहेको छ। स्वच्छ, निष्पक्ष, छिटोछरितो, कमखर्चिलो र गुणस्तरीय न्याय सम्पादन एवम् सेवाग्राहीमैत्री सेवा प्रवाहको माध्यमबाट न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्न भरोसायोग्य कदम चाल्नुपर्ने आवश्यकता छ।

## २.९ न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता

स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य मान्यतालाई आत्मसात् गर्दै नेपालको संविधानले शक्तिपृथकीकरण र नियन्त्रण एवम् सन्तुलनको सिद्धान्तलाई अङ्गीकार गरेको छ। स्वतन्त्रता र स्वायत्तताको पूर्ण प्रत्याभूतिका लागि वित्तीय एवम् प्रशासनिकलगायतका केही आधारभूत विषयहरूको स्वायत्तता न्यायपालिकालाई हुन जरुरी छ। न्यायपालिकाको सक्षमता यसले प्राप्त गर्ने स्रोत साधनसँग जोडिएर आउने हुनाले न्यायपालिकाको रणनीतिक योजनाले प्रक्षेपण गरेको स्रोत साधनको प्राप्ति र उक्त स्रोत साधनको परिचालनमा प्राप्त हुने स्वायत्तता महत्वपूर्ण रहन्छ। सानोतिनो सुधार कार्यको लागि पनि कार्यपालिका गुहार्नुपर्ने विद्यमान परिस्थितिले न्यायपालिकाको वित्तीय स्वायत्ततामा नै असर पुगेको महसुस हुने गरेको छ।

## २.१०. क्षतिपूर्ति सहितको न्याय एवम् पुनर्स्थापकीय न्याय

नेपालको संविधानले अपराध पीडितलाई क्षतिपूर्ति सहितको न्याय मौलिक हककै रूपमा स्थापित गरेको छ। अर्थात्, अबको न्याय क्षतिपूर्तिसहितको न्याय हो। अपराध पीडित संरक्षण ऐनले पीडितलाई अन्तरिम क्षतिपूर्ति वा राहत उपलब्ध गराउन पीडित राहत कोषको व्यवस्था गरेको छ। यससम्बन्धी अवधारण, मान्यता र कानूनी व्यवस्थालाई व्यवहारमा रूपान्तरण गर्न पीडित राहत कोषमा पर्याप्त बजेट लगायत सोको प्रभावकारी व्यवस्थापन वाञ्छनीय रहन्छ।

पीडितलाई क्षतिपूर्तिसहितको न्याय प्रदान गर्ने, कसूरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने, कसूरदारलाई आफ्नो कार्यप्रति पश्चातापको बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने गरी सजायको निर्धारण र कार्यान्वयन हुने पुनर्स्थापकीय न्यायको मान्यता हो। यस मान्यतालाई बालबालिकासम्बन्धी ऐन, २०७५ लगायतका कानूनहरूले स्पष्टतः आत्मसात्समेत गरेका छन्। यस विषयलाई अब न्यायपालिकाले पनि प्राथमिकतामा राख्नुपर्ने भएको छ।

## २.११. अदालतहरूको भौतिक पूर्वाधार

प्रभावकारी न्याय सम्पादनका लागि उपयुक्त एवम् कार्यावातानुकूलको भौतिक पूर्वाधार अपरिहार्य पूर्वशर्त हो। अझैपनि केही अदालतका भवनहरू पुरानो, जीर्ण र अपर्याप्त रहेका छन्। कतिपय अदालतहरूमा न्यायाधीशको दरबन्दी अनुसारका इजलासहरू रहेका छैनन्, पालो गरेर इजलास लगाउनुपर्ने अवस्थासमेत रहेको छ। केही अदालतको आफ्नो नाउँमा जग्गा समेत नरहेको अवस्था छ। बालमैत्री न्यायलगायतको

सेवाग्राहीहरूको सुविधासम्बन्धी परिवर्तित मान्यता अनुरूपका अदालती संरचना र पूर्वाधारको अभाव देखिएको छ ।

२.१२. न्यायिक जनशक्तिको क्षमता विकास र उत्प्रेरणा

न्याय सम्पादन आफैंमा चुनौतीपूर्ण र विशिष्टकृत कार्य हो । तसर्थ, यस कार्यमा संलग्न हुने जनशक्तिमा कानून, कार्यविधि र न्यायिक प्रक्रियाको जानकारी तथा न्यायिक मूल्य मान्यताहरूको ज्ञान रहनु आवश्यक छ । साथै, बदलिंदो परिवेश, आर्थिक सामाजिक क्षेत्रमा भएको परिवर्तन, सूचना प्रविधिमा भएको विकासलगायतका कारणले अदालतमा जटिल र संवेदनशील प्रकृतिका विवादहरूसमेत आउने भएकोले न्यायिक जनशक्तिलाई सोअनुरूपको आवश्यक अध्ययन, तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्दै लैजानुपर्ने हुन्छ । त्यसैगरी, कार्यरत जनशक्तिहरूको वृत्तिविकास, सेवा सुविधा र मनोवल उच्च गर्ने अन्य मौद्रिक एवम् गैर मौद्रिक उत्प्रेरणाको उपयुक्त व्यवस्थापनसमेत त्यत्तिकै अपरिहार्य हुन्छ ।

२.१३. सरोकारवालाहरूको सहयोग र समन्वय

न्याय सम्पादनको कार्यलाई छिटोछरितो, कम खर्चिलो र गुणस्तरीय एवम् पहँचयोग्य बनाउने कार्य अदालतको एक्लो प्रयासले मात्र सम्भव हुने देखिदैन । यससँग सम्बद्ध सरोकारवालाहरूको सहकार्य, सक्रिय सहयोग र समन्वय उत्तिकै आवश्यक एवम् महत्वपूर्ण हुन्छ । न्यायपालिकाले अवलम्बन गरेका न्यायिक सुधारका काम कारवाहीको अनुकूल हुने गरी वा त्यसको परिपूरकतामा आधारित भई अन्य सरोकारवालाहरूले पनि सुधारको योजना निर्माण र कार्यान्वयन गर्नु आवश्यक छ । आपसी सहयोग, सहकार्य र समन्वयका साझा क्षेत्रहरू पहिचान गरी कार्यन्वयन गर्दै लैजानुपर्ने आवश्यकता मैले देखेको छु ।

## ३. अवधारणा र कार्य योजना

नेपालको संविधानले न्यायपालिका सम्बन्धमा गरेको व्यवस्था, यसलाई प्रदान गरेको जिम्मेवारी र अपेक्षित भूमिकाको आलोकमा न्यायपालिकाको सुधारसम्बन्धी मेरो भावी कार्यदिशा र कार्ययोजना तय हुनुपर्दछ भन्ने मेरो मान्यता रहेको छ । त्यसैगरी, न्यायपालिकाको समग्र सुधारसम्बन्धी नीतिगत दस्तावेज र व्यवस्थापकीय औजारको रूपमा न्यायपालिकाको मूल रणनीतिक योजना रहने भएकोले प्रस्तुत कार्ययोजनालाई उक्त योजनासँग सापेक्ष बनाउने प्रयास मैले गरेको छु ।

न्यायपालिकाको सुधारका सम्बन्धमा भएका उच्चस्तरीय अध्ययन र न्यायपालिकाको रणनीतिक योजनाको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा रहेको भूमिका र प्राप्त अनुभव समेतका आधारमा प्रस्तुत

कार्ययोजना तयार भएको छ । साथै, मैले जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतको न्यायाधीशका रुपमा हासिल गरेको कार्यगत अनुभवसमेतलाई प्रस्तुत कार्ययोजनामा प्रतिविम्बन गर्ने अपेक्षित प्रयास गरेको छु । न्यायपालिकाको सुधार सम्बन्धमा विगतमा भएका प्रयासहरूको पृष्ठभुमीमा न्याय सम्पादन र न्यायिक सेवाको प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै न्यायिक सुशासनको माध्यमबाट न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि अबको न्यायिक सुधारको केन्दविन्दु हुनुपर्छ भन्ने मेरो धारणा रहेको छ । यसका लागि आवश्यक नीतिगत तथा संरचनात्मक आधारहरू तयार गरी न्यायपालिकाको संस्थागत सुधारको भावी कार्यदिशाको निर्धारण गर्नु मेरो कार्य योजनाको मूल ध्येय रहेको पनि उल्लेख गर्न चाहन्छु ।

उल्लिखित पृष्ठभूमिका साथै, प्रस्तुत कार्ययोजना मूलतः न्यायपालिकाको वस्तुस्थिति विश्लेषणबाट देखिएका समस्या, चुनौती र प्रमुख सवालहरूलाई सम्बोधन गर्ने रणनीतिक दस्तावेजको रुपमा तयार गरिएको छ । कार्ययोजनामा समेटिएका सम्पूर्ण कार्यक्रमहरू अवश्य पनि नयाँ होइनन्, कतिपय कार्यक्रमहरू यसअघि नै सुरु गरिएका वा सोच राखिएका र कतिपय कार्यक्रमहरू मेरो सोच, दृष्टिकोण र अनुभवका आधारमा न्यायपालिकाका समकालीन समस्या, चुनौती र अपेक्षाहरूलाई सम्बोधन गर्ने नवीन प्रयासको रूपमा रहेका छन् ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयनमा मेरो भूमिका र जिम्मेवारी बढी रहने भए तापनि यसलाई मैले सहकार्य, समन्वय र सहकारितामा आधारित दस्तावेजको रूपमा कार्यान्वयनमा लैजाने सोच बनाएको छु । सामूहिक प्रयास र प्रतिवद्धताबाट मात्रै प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन सक्दछ भन्ने कुरामा मेरो स्पष्ट दृष्टिकोण र दृढ विश्वाससमेत रहेको छ ।

न्यायपालिका पाँचौ पञ्चवर्षीय रणनीतिक योजना तर्जुमाको सँघारमा छ । यही पुस/माघ महिनाभित्रै त्यसको कार्य प्रारम्भ गर्नुपर्ने अवस्था छ । यस हिसाबले मेरो प्रस्तुत अवधारणा/कार्ययोजना आगामी रणनीतिक योजनाको लागि आधारपत्रको रूपमा समेत रहन सक्ने भएकाले यसलाई निश्चित ढाँचा र कार्यक्रममा आधारित बनाउने प्रयास गरेको छु । आगामी योजनाको लक्ष्य, रणनीति र कार्यक्रमका रुपमा प्रस्तुत कार्ययोजनाको समायोजनबाट मेरा दृष्टिकोण, सुधारसम्बन्धी अवधारणा र कार्यक्रमले संस्थागत स्वरूप प्राप्त गर्ने विश्वास मेरो रहेको छ । तसर्थ, यसलाई मैले महत्वपूर्ण अवसरका रूपमा लिएको छु । यही मान्यता र अवधारणाका साथ गरिमामय समितिसमक्ष न्यायिक सुधारका सम्बन्धमा देहायबमोजिमको कार्ययोजना प्रस्तुत गरेको छु :

## ३.१ मुद्दा व्यवस्थापन तथा न्याय सम्पादन

३.१.१ जिल्ला अदालत तथा उच्च अदालतहरूमा लागू गरिएको फरक मुद्दा व्यवस्थापन पद्धत्ति (DCM) को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- फरक मुद्दा व्यवस्थापन पद्धति (DCM) को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहजीकरण र अनुगमन गर्न सर्वोच्च अदालतमा एउटा संयन्त्रको स्थापना गर्ने ।
- यस पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि यससम्बन्धी मार्गदर्शन, सफ्टवेयरलगायत उक्त पद्धत्तिको अवधारणात्मक पक्षसमेतको बारेमा न्यायिक जनशक्तिहरूलाई तालिम तथा सीप हस्तान्तरण गर्ने ।
- यस पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक साधन स्रोतको प्राप्ति र उपयुक्त व्यवस्थापन गर्ने ।
- केही उच्च अदालत र जिल्ला अदालतहरूमा यस पद्धत्तिको प्राथमितापूर्वक कार्यान्वयन र अनुगमन गरी नमूनाको रूपमा विकास गर्दै यसका अनुभवहरू अन्य अदालतमा पनि अनुकरण गर्दै लैजाने ।
- जिल्ला अदालत तथा उच्च अदालतमा चालू आ.व.भित्र दुई वर्ष नाघेका मुद्दाहरू सुन्यमा ल्याउने

३.१.२ सर्वोच्च अदालतमा गत आर्थिक वर्षदेखि अवलम्बन गरिएको पूराना बक्यौता मुद्दा न्यूनीकरणसम्बन्धी विशेष अभियानलाई निरन्तरता दिई अदालतको समग्र मुद्दा फछ्र्यौटको सङ्ख्यामा समेत वृद्धि गर्ने रणनीति अख्तियार गरिनेछ ।

- मुद्दाहरूको प्रकृति, विषयवस्तु, जटिलता र शीघ्र सुनुवाइ हुनुपर्ने आवश्यकतासमेतका आधारमा मुद्दाको व्यवस्थापन र सुनुवाइ गर्ने उपयुक्त पद्धति लागू गर्ने ।
- अतिरिक्त समयको इजलास सञ्चालका लागि आवश्यक स्रोत साधन र बजेटको व्यवस्थापनको लागि पहल गर्ने ।
- मुद्दाको सुनुवाइको निश्चितता र फछ्र्यौटको सम्भाव्यता अनुरूप उपयुक्त एवम् प्रभावकारी पेसी व्यवस्थापनमा जोड दिने ।

३.१.३ संवैधानिक इजलासको व्यवस्थापनलाई प्रभावकारी बनाई इजलासको कार्यसम्पादनमा प्रभावकारिता ल्याइनेछ ।

३.१.४ मुद्दाको विषयवस्तु, महत्व र पक्षको अवस्थासमेतलाई मध्यनजर गरी पेसी एवम् सुनुवाइलगायतको व्यवस्थापनमा प्राथमिकता दिइनेछ ।

- राष्ट्रिय महत्व र विकास निर्माणका कार्यसँग सम्बन्धित विवादहरूको कारबाहीमा (अन्तरिम आदेशलगायत) आवश्यक संवेदनशीलतासहित मुद्दाको शीघ्र किनारा हुने गरी पेसीलगायतको व्यवस्थापन गर्ने ।
- भन्सार, कर, ठेक्कापट्टालगायत राजस्वसँग सम्बन्धित विवादहरूको कारबाही किनारामा आवश्यक संवेदनशीलतासहित प्राथमिकतापूर्वक मुद्दाहरूको फछ्र्यौट गर्ने ।
- थुनुवा, वृद्ध, अशक्त, असहाय व्यक्तिहरूको मुद्दाको पेसीमा प्राथमिकता दिने ।

३.१.५. महिला वादी भएका घरेलु हिंसा मुद्दा, महिला र बालबालिका वादी भई दर्ता भएका अंश मुद्दा, महिला विरुद्ध भएका जबर्जस्ती करणीसम्बन्धी मुद्दाहरू सुनुवाइको लागि पारिवारिक अदालत/इजलासको स्थापना गर्न पहल गरिनेछ ।

- यस प्रकारका मुद्दाहरूमा लाग्ने अदालती शुल्क छुटलगायतको नि:शुल्कसेवा दिने व्यवस्थाका लागि पहल गर्ने ।
- काठमाडौं उपत्यकाभित्रका काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतमा क्रमश: दुई र एक/एक जना न्यायाधीशको **Dedicated Bench** बाट यसप्रकारका मुद्दाहरूको उल्लिखित अवधारणा अनुरुपको सुनुवाइको प्रारम्भ गर्ने ।

३.१.६ अदालतको कार्यबोझ वृद्धि र कार्य क्षेत्र विस्तारबाट पर्नसक्ने प्रभावको निरन्तर रुपमा विश्लेषण गरी सोको लागि आवश्यक पर्ने जनशक्तिलगायतको स्रोत साधनको व्यवस्थापन, सेवा प्रवाहको पूर्वाधार निर्माण र कार्य प्रणालीमा सुधार गरिनेछ ।

३.१.७ सबै तहका अदालतमा रिक्त न्यायाधीशको दरबन्दी पदपूर्तिको लागि यथाशीघ्र प्रक्रिया अगाडि बढाइनेछ

३.२. फैसला कार्यान्वयन :

३.२.१ फैसला कार्यान्वयनको लगत अद्यावधिक गर्ने, सोसम्बन्धी आवश्यक सफ्टवेयरको निर्माण तथा परिमार्जन गरी सोसम्बन्धी विवरणलाई फैसला कार्यान्वयनमा संलग्न निकायहरूले सहजरूपमा प्राप्त गर्नसक्ने गरी व्यवस्थापन गरिनेछ ।

३.२.२ फैसला कार्यान्वयनमा सूचना प्रविधिको प्रयोग, सरोकारवाला निकायको सहयोग र समन्वय तथा कैद जरिवाना असुल हुनुपर्ने व्यक्तिको बारेमा सार्वजनिक सूचना प्रवाह गरी त्यस्ता व्यक्तिहरूको बारेमा सूचित गर्ने प्रणालीको विकास गरिनेछ ।

३.२.३ फैसला कार्यान्वयन सम्बन्धी बक्यौता धेरै भएका १७ वटा जिल्ला अदालतहरूमा कैद जरिवाना असुली गर्न नेपाल प्रहरीको सहयोग र समन्वयमा फैसला कार्यान्वयनको विशेष अभियान सञ्चालन गरिनेछ ।

३.२.४ फैसला कार्यान्वयनको प्रभावकारिताको लागि फौजदारी मुद्दाको फैसला कार्यान्वयनको जिम्मेवारी नेपाल सरकारको अन्य कुनै निकायलाई प्रदान गर्ने वा सोसम्बन्धी छुट्टै निकायको स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने ।

३.२.५ कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र पहल गरिनेछ ।

३.३ क्षेत्राधिकार पुनरावलोकन र कानूनको परिमार्जन :

३.३.१ क्षेत्राधिकारसम्बन्धी विद्यमान कानूनी व्यवस्थाबाट सर्वोच्च अदालतको कार्यबोझ अत्यधिक वृद्धि भई न्याय सम्पादनमा अनावश्यक विलम्ब हुने अवस्था सिर्जना भएकोले सोसम्बन्धी कानूनी व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

- सबै तहका अदालत, न्यायाधिकरण तथा विशिष्टीकृत अदालतहरूको क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्था पुनरावलोकन गरी अपवादात्मक अवस्थामा बाहेक सबै किसिमका सुरू मुद्दा हेर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई प्रदान गर्ने ।
- उच्च अदालतलाई पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गत अन्तिम फैसला गर्ने अधिकार प्रदान गर्न आवश्यक पहल गर्ने ।
- अदालत एवम् न्यायाधिकरणहरूको क्षेत्राधिकार पुनरावलोकन गरी समसामयिक सुधार गर्न सर्वोच्च अदालतको न्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय अधिकारक्षेत्र पुनरावलोकन समिति गठन गर्ने ।
- संहिता कानूनहरूको संशोधन सम्बन्धमा सर्वोच्च अदालतबाट भएको अध्ययनका आधारमा आवश्यक संशोधनका लागि पहल गर्ने ।

३.४ सूचना प्रविधिको प्रयोग र संस्थागत विकास :

३.४.१ न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी दशवर्षे गुरुयोजना कार्यान्वयनलाई प्रभावकारी रूपमा अगाडि बढाइने छ।

३.४.२ विद्युतीय अदालतको अवधारणा अनुरुप अदालतका समग्र काम कारवाहीहरूलाई क्रमिक रूपमा सूचना प्रविधिमा आधारित बनाउँदै लगिनेछ।

३.४.३ स्वचालित पेसी तारेखसम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३.४.४ अदालतहरूमा कोर्टरुम टेक्नोलोजीलगायतका नवीन प्रविधिहरूको प्रयोग गर्दै लगिनेछ।

३.४.५ सबै तहका अदालतमा रहेका अभिलेख मिसिलहरूको विद्युतीय प्रति तयार गरी सुरक्षित राख्ने र ती कागजातहरू कुनै पनि निकाय वा माथिल्लो अदालतबाट सहज रुपमा प्राप्त गर्न सक्नेगरी व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी ढङ्बाट अगाडि बढाउन आवश्यक साधान स्रोतको व्यवस्थापनका लागि पहल गरिनेछ।

३.४.६ मुद्दाको कारवाही अवस्थाको बारेमा मोबाइलमा एस.एम.एस.मार्फत मुद्दाका पक्ष तथा सरोकारवालाहरूलाई जानकारी दिने, अनलाइन तारेख तथा म्याद तामेलीलगायतका विषयमा भैरहेका कार्यहरूको पुनरावलोकन गरी थप प्रभावकारी बनाइनेछ।

३.४.७ साक्षी एवम् विशेषज्ञको बकपत्रलगायतका काम कारवाहीहरूलाई भिडियो कन्फरेन्सिङ्ग मार्फत गर्ने पद्धतिलाई थप विस्तार गर्दै लगिनेछ।

३.४.८ अनलाइनमार्फत मुद्दा दर्ता गर्ने कार्यलाई केही अदालतहरूबाट प्रारम्भ गरी क्रमशः विस्तार गर्दै लगिनेछ।

३.४.९ भौगोलिक कारणबाट अदालतमा भौतिक रुपमा उपस्थित हुँदा लाग्ने खर्च र समयको बचत गर्न अनलाइन बहस पैरवी गर्ने पद्धतिलाई थप विस्तार गर्दै लगिनेछ।

३.४.१०मुद्दाको फैसला गर्ने बाहेकका न्याय सम्पादनसम्बन्धी काम कारबाहीमा AI (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोगको सम्भाव्यताका सम्बन्धमा अध्ययन गरिनेछ।

३.४.११ सूचना प्रविधिसम्बन्धी प्राविधक जनशक्तिको स्थायित्व, क्षमता अभिवृद्धि तथा सेवामा टिकाइराख्न र उनीहरूको मनोबल उच्च गर्न आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ।

## ३५ न्यायिक सुशासन र सदाचार

३५.१ न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमिततालगायतका अवाञ्छित गतिविधिहरूको नियन्त्रणसम्बन्धी कार्यलाई उच्च प्राथमिकताका राखी कार्यान्वयन गरिनेछ।

- अदालतहरूमा हुनसक्ने अनियमितता र भ्रष्टाचारजन्य कार्यहरूप्रति शून्यसहनशीलताको नीति अवलम्बन गर्ने।
- अनुगमन तथा सुपरिवेक्षण र निगरानीमूलक संयन्त्रहरूको क्रियाशीलतामार्फत अनियमितता तथा भ्रष्टाचारजन्य गतिविधिको नियन्त्रण गर्न पहल गर्ने ।
- सदाचारयुक्त व्यवहारलाई प्रोत्साहन गर्नुका साथै अदालतमा हुनसक्ने विकृति विसङ्गतिको बारेमा जनस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- अनियमितता, ढिलासुस्ती तथा भ्रष्टाचारजन्य गतिविधिको नियन्त्रण गर्न सूक्ष्म अनुगमनकर्ता खटाई प्रतिवेदन लिने र कारवाही गर्ने प्रणाली विकास गर्ने।

३५.२ न्यायाधीश तथा कर्मचारीको आचार संहिताको कार्यान्वयन एवम् नियुक्ति, सरुवा र बढुवालगायत वृत्तिविकासमा कार्य सम्पादनको स्तर, सदाचार र सेवाग्राहीसँगको व्यवहारलाई मुख्य आधार बनाइनेछ।

३५.३ न्यायपालिकामा कार्यरत कर्मचारीहरूको कार्यप्रकृति अनुसार निर्माण गरिएको आचरणसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन अवस्थाको प्रभावकारी अनुगमन गरिनेछ।

३५.४ न्यायाधीशको आचरण, निष्ठा लगायतका अनुशासनसम्बन्धी विषयहरूलाई न्यायाधीशको नियुक्ति, सरुवा तथा पुरस्कार र दण्डसँग आवद्ध गर्दै लगिनेछ।

३५.५ उजुरी तथा गुनासोको शीघ्र छानबिन गरी त्यस्तो उजुरी तथा गुनासोउपर भएको कारबाहीका बारेमा सम्बन्धित पक्षलाई जानकारी दिने संस्थागत पद्धतिको विकास गरिनेछ।

३५.६ अदालतमा बिचौलियाको गतिविधि निगरानी र नियन्त्रणका सम्बन्धमा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गतिका सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयन गर्दै लगिनेछ।

३५.७ बिचौलियाको गतिविधिलाई नियन्त्रण गर्नका लागि मुद्दासँग असम्बन्धित व्यक्तिहरूको अदालतमा प्रवेश निषेध गर्न अदालतहरूमा प्रवेश पासको व्यवस्थापन गरिनेछ।

३५.४ न्याय क्षेत्रका सरोकारवाला निकाय र पक्षहरूसँग न्यायिक सुशासन कायम गर्ने विषयमा आपसी समन्वय, सहकार्य र सहयोगको परिचालन गरिनेछ।

३५.५ सरकारी साधन स्रोतको दुरुपयोग हुन नपाउने गरी व्यवस्थापन गरिनेछ।

३६. न्यायमा सहज पहुँच अभिवृद्धि

३६.१ न्यायमा सहज पहुँच अभिवृद्धिको लागि उपयुक्त रणनीति तथा कार्यक्रमसहित आयोगको वार्षिक कार्ययोजनाको तयार गरी कार्यान्वयन गरिनेछ।

३६.२ आर्थिकरूपमा विपन्न, असहाय व्यक्तिहरूलाई निःशुल्क कानूनी सेवा (Pro Bono Legal Service) दिने र त्यस्ता व्यक्तिहरूको कानूनी प्रतिनिधित्वका लागि नेपाल बार एसोसिएसनको सहयोग र सहकार्यमा आवश्यक कार्यहरू गरिनेछ।

३६.३ अदालतमा प्रदान गरिने वैतनिक कानून व्यवसायीको सेवालाई थप प्रभावकारी बनाइनेछ।

३६.४ न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र खासगरी महिला, विपन्न, असहाय तथा असमर्थ वर्गका व्यक्तिहरूको न्यायमा सहज पहुँचका लागि उपयुक्त उपायहरूको अवलम्बन गरिनेछ।

३६.५ छिटोछरितो न्याय र न्यायमा सहज पहुँच अभिवृद्धिका लागि अदालतमा दायर रहेका मुद्दाहरूमा हुँदै आएको मेलमिलापलाई थप प्रभावकारी बनाउन मेलमिलापसम्बन्धी विद्यमान कानूनमा संशोधनलगायत आवश्यक कार्यहरू गरिनेछ।

३६.६ स्थानीय तहमा गठित न्यायिक समितिमार्फत न्यायमा सहज पहुँच अभिवृद्धि गर्न अदालतबाट आवश्यक सहयोग र समन्वय गरिनेछ।

३७. न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि

३७.१ न्यायपालिकाप्रति आम नागरिकको आस्था र विश्वास अभिवृद्धि गर्न सञ्चार क्षेत्र एवम् नेपाल बार एशोसिएसनलगायतका सम्बद्ध निकायहरूसँगको समन्वय र सहकार्यमा आवश्यक कार्यक्रमहरूको निर्माण गरी कार्यान्वयन गरिनेछ।

३७.२ अदालतबाट प्रदान गरिने सेवा सुविधाका बारेमा मुद्दाका पक्ष तथा सेवाग्राहीहरूलाई जानकारी गराउने र सेवा सुविधालाई सहज एवम् पारदर्शी बनाइनेछ।

३.७.२ न्यायिक जनशक्तिलाई सेवाग्राहीमैत्री व्यवहार गर्न नियमितरूपमा प्रशिक्षित गर्ने र सोअनुरूप व्यवहार भए नभएको निरन्तर रूपमा अनुगमन गरिनेछ।

### ३.८. स्वतन्त्रता, स्वायत्तता र जवाफदेहिता

३.८.१ नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको स्वतन्त्र र स्वायत्त न्यायपालिकासम्बन्धी अवधारणा अनुरुप न्यायपालिकाको संरचनात्मक तथा कार्यात्मक स्वतन्त्रता एवम् प्रशासनिक, वित्तीयलगायतको स्वायत्तताको व्यावहारिक सुनिश्चितताको लागि आवश्यक पहल गरिनेछ।

३.८.२ न्यायाधीशहरूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन सम्बन्धमा ऐनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि पहल गरिनेछ।

३.८.३ न्यायपालिकालाई आवश्यक साधन स्रोतको तत्काल व्यवस्थापन गर्न र न्यायिक स्वायत्तताको प्रवर्द्धनका लागि न्यायिक कोष ऐन कार्यान्वयनमा ल्याउन तर्जुमा गरिएको सोसम्बन्धी नियमावली यथाशीघ्र स्वीकृतिको लागि पहल गरिनेछ।

३.८.४ न्यायाधीशको मर्यादा र संवेदनशीलता अनुसार न्यायाधीशको उपयुक्त मर्यादाक्रम निर्धारण गर्न प्रभावकारी पहल गरिनेछ।

### ३.९. न्यायिक जनशक्तिको क्षमता विकास र उत्प्रेरणा

३.९.१ न्यायिक जनशक्तिका लागि तयार पारिएको तालिम नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३.९.२ संवैधानिक र कानूनी परिवर्तनसमेतलाई मध्यनजर गरी न्यायिक जनशक्तिले सम्पादन गर्नुपर्ने काम कारबाहीको तालिमको आवश्यकता पहिचान गरिनेछ।

३.९.३ नेपालको संविधानको धारा १५५ मा व्यवस्था भएबोजिम संघीय न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका सर्तसम्बन्धी छुट्टै ऐनको निर्माणका लागि पहल गरिनेछ।

### ३.१०. सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता

३.१०.१ व्यवस्थापनका क्षेत्रमा विकसित नवीन अवधारणा र मान्यताहरूलाई न्यायिक प्रक्रिया र सेवा प्रवाहमा आत्मसात् गर्दै लगिनेछ।

३.१०.३ प्रविधिमैत्री जनशक्ति विकासका लागि सीप, क्षमता र दक्षता अभिवृद्धिमा विशेष जोड दिइनेछ।

३.१०.४सेवाग्राहीहरूसँगको व्यवहारलगायत सेवाग्राहीहरूको सन्तुष्टि मापनका सूचकहरू निर्माण गरी कार्यान्वयन र अनुगमन गरिनेछ ।

३.११ स्रोत साधनको व्यवस्थापन

३.११.१ न्यायपालिकाको रणनीतिक योजनाले प्रक्षेपण गरेको तथा समसामयिक सुधारसम्बन्धी अन्य कार्यहरूको लागि आवश्यक पर्ने बजेटको प्राप्ति गर्न नेपाल सरकारका सम्बद्ध निकायहरू एवम् राष्ट्रिय योजना आयोगसँग निरन्तर समन्वय र पहल गरिनेछ ।

३.११.२ बजेटलगायत उपलब्ध साधन स्रोतलाई मुद्दाको कार्यबोझ, जनशक्ति तथा व्यवस्थापकीय पक्षहरूसमेतलाई समेत मध्यनजर गरी उपयुक्त एवम् न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३.१०.३ उपलब्ध स्रोत साधनको आन्तरिक परिचालनमा आर्थिक अनुशासन कायम गर्दै पारदर्शी र मितव्ययी बनाइनेछ ।

माननीय सभापतिज्यू तथा माननीय सदस्यज्यूहरू,

नेपालको संविधानबमोजिम स्वच्छ, निष्पक्ष, छिटोछरितो एवम् गुणस्तरीय न्याय सम्पादन गरी सबैका लागि न्याय सुनिश्चित गर्नु मेरो प्रमुख जिम्मेवारी रहेकोप्रति म स्पष्ट र प्रतिबद्ध छु । साथै, संविधानको धारा १३६ बमोजिम न्याय प्रशासनलाई प्रभावकारी बनाउने प्रधान न्यायाधीशको अन्तिम जिम्मेवारीप्रति पनि त्यत्तिकै सजग र संवेदनशील रहेको छु । प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट न्यायिक सुशासन र न्यायपालिकाप्रतिको आस्था एवम् विश्वास अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने छ भन्ने मैले अपेक्षा गरेको छु ।

अन्तमा, न्यायिक सुधारका सम्बन्धमा उपर्युक्तबमोजिम मैले प्रस्तुत गरेको अवधारणा र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार, संघीय संसद्लगायत सम्बद्ध निकायहरूबाट आवश्यक सहयोग र समर्थन प्राप्त हुने छ भन्ने मेरो पूर्ण विश्वास रहेको छ । यही विश्वासका साथ न्यायपालिकाको सुधार सम्बन्धमा आफ्नो सोच, दृष्टिकोण र अवधारणा राख्ने महत्वपूर्ण अवसरका लागि समितिका माननीय सभापतिज्यू तथा सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति पुनः आभार प्रकट गर्दछु ।

धन्यवाद !